# अध्यक्षको मन्तव्य

*आदरणीय शेयर सदस्य महानुभावहरू,*

आजको दिन हामी हाम्रो गौरवपूर्ण चौधौं वार्षिक साधारण सभा मनाइरहेका छौं । बनेपा क्षेत्रका प्रतिस्थित व्यक्तित्वहरू द्वारा "यहाँको सुख दुःखको सहयात्री" भन्ने नाराका साथ सानो रूपबाट सुरूवात भएको यस संस्थाको वर्तमान अवस्थामा छ हजार भन्दा बढि शेयर सदस्य तथा बाल बचतकर्ता आवद्ध भई छहत्तर करोड भन्दा बढि वित्तिय कारोवार गर्न सक्षम भएका छौं । संस्थाले स्थापनाकाल देखि वर्तमान अवस्था सम्म विभिन्न आरोह, अवरोध पार गर्दै आजको दिन सम्म आई पुग्न सफल भएका छौं । यस बिचमा यहाँहरूले दिनु भएको अमूल्य सल्लाह सुझाव एवं योगदानका कारण यस संस्थाले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको निवेदन गर्न पाउँदा मैले धेरै गौरव एवं खुसीको महसुस गरेको छु । संस्थालाई वर्तमान अवस्था सम्म ल्याउन योगदान गर्नुहुने संस्थाका संस्थापक अध्यक्षज्यू, पूर्व अध्यक्षज्यू, संचालक समिति तथा विभिन्न उप-समितिका पदाधिकारी साथीहरू र इमान्दार एवं कर्तव्य निष्ठ कर्मचारीहरू एवं शुभेच्छुक शेयर सदस्यज्यूहरू सबै प्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

यस संस्थाले नाफामात्र कमाउन नभई समाज प्रतिको उत्तरदायित्व महसुस् गरि विभिन्न सामाजिक क्रियाकलापहरू गर्नुको साथै एक नौलो कार्यक्रम "छोरी अभियान" वि.सं. २०७४ साल देखि थालनि गरि निरन्तर रूपमा सेवा गर्दै आईरहेका छौं । सहकारीको सात सिद्धान्त मध्ये एक हो "समुदाय प्रति चासो" यसै सिद्धान्तलाई आत्मसाथ गर्दै संयुक्त राष्ट्र संघले लिएको दिगो विकास लक्ष्यलाई आधार मानी दिगो विकासको दुई लक्ष्य "स्वास्थ र समुन्नत समाज" र "लैंगिक समानता" हासिल गर्नको निमित्त आभाष साकोसको एउटा सानो प्रयास हो "छोरी अभियान" । हाम्रो जस्तो अविकसित देशमा प्रजनन स्वास्थको शिक्षा तथा जनचेतनाको कमीका कारण धरै आमा तथा शिशुहरूले ज्यान गुमाइरहेका छन् । तसर्थ मातृ मृत्युदर तथा शिशु मृत्युदर कम गर्न मानिसहरूमा प्रसव अस्पतालमा गराउनु पर्छ भन्ने भावनालाई जागृत गर्न तथा शिशुहरूमा यदि छोरी भएमा भ्रुणहत्या गर्ने प्रबृत्तिलाई निरूत्साहित गर्नका निमित्त तथा हाम्रो समाजमा छोरीलाई जुन हेलाको दृष्टिकोणले हेरिन्छ सो दृष्टिकोणलाई परिवर्तन गर्न आभाष साकोसले छोरी अभियानको सुरूवात गरेको हो । यस कार्यक्रम अन्तर्गत प्रत्येक नव वर्ष र संस्थाको वार्षिक उत्सवका मंसिर १४ गतेका दिन शिर मेमोरियल अस्पताल बनेपामा जन्मने पहिलो छोरीलाई आर्थिक सहयोग सहित स्वागत तथा सम्मान गर्दै आएका छौं । त्यसतै यस संस्थाले सदस्यहरूको स्वास्थ उपचारको लागि सदस्यहरूको आर्थिक सहभागितामा सुरूवात गरेको "आभाष सदस्य सुरक्षा कार्यक्रम" लाई पनि निरन्तरता दिदै आएको छ । गत

आ.व. मा उक्त कार्यक्रम अन्तर्गत यस संस्थाले ११३ जना सदस्यहरूलाई विभिन्न रोगको उपचारको लागि सुविधा वापत कुल रू ९,५७,०००/- प्रदान गरेको थियो । साथै संस्थाले लैंगिक समानताको लक्ष्य अन्तर्गत महिला सशक्तिकरणको लागि महिला समुह कार्यक्रमलाई निरन्तरता दिइरहेको छ । हाल सम्म संस्थाले आफ्नो कार्यक्षेत्र भित्र विभिन्न स्थानमा ४४ वटा महिला समुह गठन गरिसकेको छ । महिलाहरूका लागि विभिन्न शिपमुलक तालिम तथा विभिन्न स्वास्थ शिविर एवं सामाजिक कार्यहरू गर्दै आइरहेको छ र विगत केही वर्षबाट दिगो विकास लक्ष्यको अर्को एक लक्ष्य गुणस्तरीय शिक्षामा पनि संस्थाले कार्यक्रमहरू अगाडी बढाएको छ र उक्त क्षेत्रमा थप कार्यक्रमहरू गर्ने योजना रहेको कुरा यस सभामा अवगत गराउन चाहन्छु । संस्थाले गरेका सम्पूर्ण कार्यक्रमहरूको विस्तृत विवरण सचिवज्यूको प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ ।

*आदरणीय शेयर सदस्यज्यूहरू*

सहकारीको नैतिक मुल्य अन्तर्गत पर्ने इमान्दारिता र पारदर्शितालाई यस संस्थाले सर्वोपरि ठानी सोही बमोजिम कार्यहरू गर्दै आइरहेको छ । यसै अन्तर्गत समय समयमा नियमकारी निकायबाट यस संस्थाको निरिक्षण तथा अनुगमन भएको व्यहोरा यस सभामा जानकारी गराउन चाहान्छु । हामी पूर्णरूपमा पारदर्शि हुँदै खराब भएका ऋणहरूको जोखिम कोष व्यवस्था र जगेडा कोषलाई मापदण्ड बमोजिम बनाउने योजनामा अगाडी बढेका छौं । यस संस्थाको पहिलो प्राथमिकता भनेको सदस्यहरूको हित र सदस्यहरूको सम्पत्तिको सुरक्षा गर्नु हो तसर्थ संस्थाले यी दुई कोषलाई मजबुत बनाएर संस्थालाई र सदस्यहरूको सम्पत्तिलाई सुरक्षित र संस्थालाई उत्कृष्ट संस्थाको रूपमा स्थापित गर्ने योजनामा अगाडी बढ्दै गरेको कुरा मेरो प्रतिबद्धता का साथ यस गरिमामय सभामा व्यक्त गर्न चाहान्छु ।

सन २०१९ को अन्तिमबाट सुरूवात भएको कोरोना महामारीले सिथिल भएको अर्थतन्त्र हालको विश्व आर्थिक मन्दिका कारण अझ थलिएको छ र यसको कारण नागरिकहरूको दैनिकीमा नकारात्मक असर परेको हुनाले सिंगो अर्थतन्त्र मजबुत हुन सकेको छैन । यी चुनौतीको बावजुद हामीले संस्थाको सेवालाई निरन्तरता दिइरहेका छौं । यस्तो प्रतिकुल अवस्थामा पनि सदस्यहरूको साथ र सहयोगले हाम्रो संस्थाको कारोवारमा बृद्धि भएको छ तर यस आर्थिक वर्षमा संस्थालाई ठूलो चनौती छ । बैंक तथा वित्तिय संस्थाहरूमा तरलताको कमीका कारण ऋण लगानी हुन नसकेको अवस्थामा बजारमा नगद परिचालन नगन्य रूपमा मात्र भएको छ । नगद परिचालन नै नहुँदा बजारमा पनि आर्थिक संकट देखिएको र समग्र देशकै अर्थतन्त्रमा आर्थिक समस्या देखिएको अवस्थाका रहेको छ । बैंक तथा वित्तिय संस्थाहरूले बचतमा व्याजदर बृद्धि गरेको र ऋणमा व्याजदरको कुनै सिमा नभएको तर सहकारी विभागद्वारा जारी गरेको सन्दर्भ व्याजदरका कारण सहकारीहरूले बचतमा व्याजदर

बृद्धि गरेता पनि ऋण लगानीमा व्याजदर बृद्धि गर्न नसकिने बाध्यकारी परिस्थितीको कारण संस्थाको नाफामा प्रत्यक्ष असर हुने देखिएको छ । संस्थाले पर्याप्त तरलताको व्यवस्था गरेको भएता पनि भोलीको दिनमा देशको अर्थ व्यवस्था के हुने भन्ने विषयमा अन्योल भएको हुनाले आजको दिनमा ऋण लगानीलाई पूर्ण रूपमा नियन्त्रण गर्नु परेको अवस्थाका कारण पनि यस वर्षको आम्दानीमा प्रत्यक्ष असर हुने देखिएको छ ।

अर्को चुनौती भनेको देशको अर्थतन्त्रको तीन खम्बा मध्ये एक खम्बा यानी सिंगो सहकारी अभियानको छविमा परेको नकारात्मक प्रभाव । केही सिमित सहकारीहरूले अस्वस्थ प्रतिस्पर्धा गरि अनियन्त्रित तथा नियम विपरित ढंगले बचत संकलन तथा ऋण परिचालन गरेको, सदस्यहरूको बचतको अपचलन गरेको, गैर सदस्य कारोवार गरेको, तरलताको उचित व्यवस्थापन नगरेको, समुदाय र सदस्य केन्द्रित हुनुपर्ने संस्था केवल सिमित व्यक्ति केन्द्रित भएको कारण सहकारी क्षेत्रमा यो विकराल अवस्था आएको हो । सहकारी संस्थाले बचतमा प्रदान गर्ने व्याज बजारको अवस्था बमोजिम कायम गर्नु पर्छ तर ऋण लगानीमा सन्दर्भ व्याजदरले गर्दा हामी नियन्त्रित भएका छौं । अस्वस्थ प्रतिस्पर्धा तथा सहकारीको शिक्षाको कमीका कारण केही सहकारीहरूले संस्थाको सामर्थ्य नभएता पनि नियम विपरित बढि व्याजमा बचत संकलन गर्ने र अस्वाभाविक बढि व्याजदरमा ऋण लगानी गर्ने गरिरहेका छन् तर यो उचित होइन । सहकारीको ज्ञानको कमीका कारण यस्ता कमी कमजोरी भएको जस्तो लाग्छ । अन्दाधुन्ध रूपमा सहकारीहरू संचालन भईरहेको छ । हामी बचत तथा ऋण सहकारीहरू भनेको आर्थिक कारोवार गर्ने संस्था हो र यो सबै भन्दा जोखिमपूर्ण व्यवसाय गर्ने संस्था हो । हामीले सदस्यहरू संग आर्थिक कारोवार गर्छौं, सदस्यहरू संग बचत संकलन गरि सोही बचतलाई सदस्यहरूमाफ ऋण लगानी गर्छौं । यस कारण हाम्रो जस्तो संस्था संचालन गर्न पारदर्शिता र इमान्दारिता सबैभन्दा मुख्य कुरा हो । हामी आर्थिक कारोवार गर्ने संस्था आर्थिक अनुशासनमा बस्नु जरूरी छ । नियम संगत रूपमा संचालित सहकारीहरूले सदस्यहरूको बचतको सुरक्षाको विषयमा विशेष ध्यान दिएको हुन्छ, तरलताको उचित तथा समयानुकुल व्यवस्थापन तथा नियम संगत ऋण लगानी तथा ऋण असुलि । नियम संगत संचालित सहकारीहरूमा कुनै प्रकारको समस्या छैन तथापी सदस्यहरूको विश्वासको खडेरी सिंगो सहकारी अभियानमा परेको छ । सहकारी अभियान प्रति डग्मगाएको सदस्यहरूको विश्वासलाई अटल बनाउनको निमित्त सम्पूर्ण प्रारम्भिक सहकारीहरू तथा अभियानले सदस्य पहिचान तथा सदस्य शिक्षालाई जोड दिनुपर्ने हुन्छ ।

हामीले संस्थालाई सहकारी सिद्धान्त, मुल्य मान्यता, सहकारीको आदर्श तथा समय समयमा भएको सहकारी विभागको अनुगमन तथा निर्देशन अनुसार सञ्चालन गरिरहेको विषय यहाँहरूमा सहर्ष जानकारी गर्दछु साथै भविष्यमा पनि यसरी नं राम्रो सँग संचालन गर्ने प्रतिवद्धता पनि व्यक्त गर्दछु । समय सापेक्ष संस्था सञ्चालनका नीति तथा कार्यविधिहरूमा परिमार्जन तथा अद्यावधिक गर्दै सुशासन कायम राख्ने, कारोबारलाई पारदर्शी बनाउने र प्रविधियुक्त प्रतिस्पर्धी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरेका छौं । संस्थालाई चुस्त, दुरूस्त र पारदर्शी ढंगले संचालन गरि सदस्यहरूलाई प्रविधियुक्त गुणस्तरीय र प्रतिस्पर्धी सेवा प्रदान गर्ने उद्देश्यले व्यवसायिक, सक्षम र दक्ष कर्मचारीको व्यवस्थापन गरिएको छ । सदस्यहरूको सेवालाई छिटो छरितो ढंगले सम्पादन गर्न तथा उत्कृष्ट र गुणस्तरिय सेवा प्रदान गर्न मुख्य कार्यालय सहित २ वटा सेवाकेन्द्रहरूको पनि व्यवस्थापन गरिएको छ । चुनौतीपूर्ण वातावरण भएता पनि चुनौतीलाई पार गर्न प्रत्येक सदस्यको साथ, सुझाव, सर्म्थन तथा विश्वास निरन्तर रूपमा पाइरहने विस्वास लिएका छौं । हामी सुधार र प्रगतीको पथमा अग्रसर छौं । हामीले वर्तमान परिपेक्षमा चलिरहेको अस्वस्थ प्रतिस्पर्धाबाट अलग रही एउटा स्वस्थ प्रतिस्पर्धाको सिद्धान्त अँगाली नियम अनुसार आफ्ना सदस्यहरू तथा समाजप्रति उत्तरदायित्व निर्वाह गर्ने उद्देश्य सहित आज हाम्रो संस्था सफलताका साथ अगाडि बढिरहेको निवेदन गर्दछु । तथापी अस्वस्थ प्रतिस्पर्धाले गर्दा धरै चुनौतीहरूको सामना गर्नु परिरहेको अवस्थामा सहकारी विभागबाट ऋण लगानीमा तोकिएको सन्दर्भ ब्याजदरमा हामीले ऋण लगानी गर्नुपर्ने हुन्छ । यस कारण संस्थाले बचतको ब्याजदरमा पनि केही समायोजन गर्नुपर्ने हुन्छ । तसर्थ म सम्पूर्ण सदस्यज्यूहरूलाई के आग्रह गर्न चाहन्छु भने बचतमा असान्दर्भिक र अस्वाभाविक ब्याजदर यदि कनै संस्थाले प्रदान गर्छ भने सम्पूर्ण सदस्यहरूले बिचार पुऱ्याउनु पर्ने हुन्छ । सदस्यहरूको पुँजीको सुरक्षा र अधिकतम लाभका लागि संस्थाले सदैव सदस्यहरूको हितलाई केन्द्रमा राखेको छ । यसका लागि सदस्यहरूको बचतमा उचित व्याज प्रदान गर्नुको साथै शेयर लगानीमा पनि उचित प्रतिफल प्रदान गर्दै आइरहेका छौं ।

*शेयर सदस्य महानुभावहरू,*

अन्तमा, यस संस्थालाई आजको अवस्थासम्म पुऱ्याउन सहयोग गर्नुहुने शेयर सदस्यज्यूहरू, नियमन निकाय, सञ्चालक समितिका पदाधिकारी एवं उप समितिका पदाधिकारीहरू तथा कर्मचारी मित्रहरूलाई धन्यवाद तथा नजिकिदैं आएको यस वर्षको शुभ विजया दशमी तथा शुभ दिपावलीको शुभकामना व्यक्त गर्दै म मेरो मन्तव्य यहिं टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

जय आभाष , जय सहकारी

# सचिवको वार्षिक प्रगति प्रतिवेदन

प्रकाश कायस्थ - **सचिव**

यस संस्थाको २०७९ श्रावण देखि २०८० असारसम्मको प्रगति प्रतिवेदन यस प्रकार रहेको जानकारी गर्दछु ।

## १. संस्थाको संगठनात्मक ढाँचा सदस्यता विवरण

आर्थिक वर्ष २०७८/०७९ को असार मसान्त सम्ममा कुल सदस्य संख्या ५८३२ जना मध्ये शेयर सदस्य ५२६४ (पुरूष सदस्यता संख्या २८००, महिला सदस्यता संख्या २४३१ र संस्थागत सदस्यता संख्या ३३) र बाल बचतकर्ता  ५६८ रहेकामा आर्थिक वर्ष २०७९/०८० मा कुल सदस्य संख्यामा ४३३ जना सदस्यहरू बृद्धी हुनाले कुल सदस्य संख्या ६२६५ रहको मध्ये शेयर सदस्य ५५४३ (पुरूष सदस्यता संख्या २९१५, महिला सदस्यता संख्या २५९४ र संस्थागत सदस्यता संख्या ३४) र बाल बचतकर्ता ७२२ रहेको छ । संस्था संचालन गर्नको लागि ११ सदस्यीय सञ्चालक समिति, ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति, ५ सदस्यीय ऋण व्यवस्थापन उपसमिति, ३ सदस्ययीय महिला उपसमिति र प्रत्येक सेवाकेन्द्र अन्तर्गत सेवाकेन्द्र व्यवस्थापन उपसमितिहरू रहेका छन् । दैनिक कार्य सम्पादनको गर्नको लागि अनुभवी, दक्ष र व्यवसायी २१ जना कर्मचारीहरूको व्यवस्थापन समूह रहेको छ ।

## २. आव₵ता

यस आभाष बचत तथा ऋण सहकारी संस्था देहाय बमोजिमाका निकायहरूमा आवद्ध रहेको जानकारी गराउँदछु ।

- काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
- जिल्ला सहकारी संघ लि., काभ्रे
- बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
- राष्ट्रिय सहकारी बैंक लि.
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.

## ३. तेह्रौं वार्षिक साधारण सभा

आभाष बचत तथा ऋण सहकारी संस्थाको तेह्रौं वार्षिक साधारण सभा मिति २०७९ भाद्र ३१ गते शुक्रबारको दिन बनेपा पार्टी भेन्युमा सम्पन्न

भएको थियो । उक्त साधारण सभामा ३२७२ जना (कुल सदस्यको ५५ प्रतिशत) सदस्यहरूको उपस्थिति रहेको जानकारी गराउँदछु ।

## ४. बैठक

आर्थिक वर्ष २०७९/०८० मा निम्न बमोजिम समिति, उप-समितिहरूको बैठक बसेको थियो ।

- संचालक समिति — १२ पटक
- लेखा सुपरिवेक्षण समिति — ३ पटक
- ऋण उप-समिति — ८ पटक
- पदपूर्ति उपसमिति — ८ पटक
- कार्यक्रम तथा बजेट मस्यौदा उपसमिति — ४ पटक
- नीति नियम पुनरावलोकन उपसमिति — २ पटक

## ५. व्यवस्थापन तथा कर्मचारी

क) मिति २०७९/३/२३ गते मुख्य कार्यालय बनेपामा रिसेप्सनिष्ट पदमा कार्यरत कर्मचारी श्री प्रफुल कायष्ठले आफ्नो पदबाट दिनु भएको राजिनामालाई व्यवस्थापकिय निर्णयबाट मिति २०७८/४/२८ गतेबाटै लागु हुने गरि स्वीकृत गरिएको ।

ख) मिति २०७९/४/१९ गते बसेको संचालक समितिको बैठक नं. ७९/८०–१ को निर्णय नं. ६ बाट निर्णय भए बमोजिम देहाय बमोजिमको कर्मचारीहरूको बढुवा गरिएको ।

- सहायक पदमा पनौती सेवाकेन्द्रमा कार्यरत कर्मचारी श्री मच्छे नारायण श्रेष्ठलाई वरिष्ठ सहायक पदमा बढुवा गरि पनौती सेवाकेन्द्र इन्चार्जको जिम्मेवारी प्रदान गरिएको ।
- कनिष्ठ सहायक पदमा भकुण्डे सेवाकेन्द्रमा कार्यरत कर्मचारी श्री केदार प्रसाद खनाललाई सहायक पदमा बढुवा गरि भकुण्डे सेवाकेन्द्र इन्चार्जको जिम्मेवारी प्रदान गरिएको ।
- सहयोगी पदमा कार्यरत कर्मचारी श्री सावित्रि साप्कोटालाई कनिष्ठ सहायक पदमा बढुवा गरि सेभिङ अपरेटरको जिम्मेवारी प्रदान गरिएको ।

ग) मिति २०७९/८/१३ गते बसेको पदपूर्ती उपसमितिको बैठक नं. ७९/८०–४ को निर्णय नं. १ बाट २०७९ मंसिर १५ गते देखी लागु हुने गरि बनेपा ९, काभ्रे ठेगाना भएको नागरिकता नं. ३०-०१-७५-

०७७३२ का श्री अञ्जना थापालाईलाई मुख्य कार्यालय मा कनिष्ठ सहयोगी श्रेणी अन्तर्गत रिसेप्सनिष्ट पदमा नियुक्ती गरियो ।

घ) मिति २०८०/१/२० गते मुख्य कार्यालयको ऋण विभागमा ऋण अपरेटर पदमा कार्यरत कर्मचारी श्री कपिल मानन्धरले आफ्नो पदबाट दिनु भएको राजिनामालाई व्यवस्थापकिय निर्णयबाट मिति २०८०/२/२० गतेबाट लागु हुने गरि स्वीकृत गरिएको ।

ङ) मिति २०८०/२/१५ गते मुख्य कार्यालयको बचत तथा बजार व्यवस्थापन विभागमा बजार प्रतिनिधि पदमा कार्यरत कर्मचारी श्री सुजता ढोडारीले आफ्नो पदबाट दिनु भएको राजिनामालाई व्यवस्थापकिय निर्णयबाट मिति २०८०/३/१५ गतेबाट लागु हुने गरि स्वीकृत गरिएको ।

च) मिति २०८०/२/२८ गते बसेको पदपूर्ती उपसमितिको बैठक नं. ७९/८०–७ को निर्णय नं. १ बाट २०८० जेठ २९ गते देखी लागु हुने गरि स्थायी ठेगाना हेटौडा-१,मकवानपुर भई हाल बनेपा ५, काभ्रेमा अस्थायी ठेगाना भएको नागरिकता नं. ३१-०१-७८-०१९२९ का श्री विपना दाहाललाई मुख्य कार्यालयको बचत तथा बजार व्यवस्थापन विभागमा कनिष्ठ सहयोगी श्रेणी अन्तर्गत बजार प्रतिनिधि पदमा नियुक्ती गरियो ।

## ६. सहभागिता

क) मिति २०७९ भाद्र १७ गते नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघले आयोजना गरेको PROBATION कार्यक्रमको विषयमा अभिमुखिकरण कार्यक्रममा संस्थाका श्री दिनेश राज कायष्ठ, सचिव श्री प्रकाश कायष्ठ र कोषाध्यक्ष श्री धर्मभक्त प्रधान सहभागी हुनुभएको ।

ख) मिति २०७९ असोज ९ गते जिल्ला सहकारी संघ लि. काभ्रेले आयोजना गरेको सहकारी संचालनमा देखिएको समस्या पहिचान र समाधानका उपायहरू विषयक अन्तरक्रिया कार्यक्रममा यस संस्थाका श्री दिनेश राज कायष्ठ र प्रमुख प्रवन्धक श्री सुबास बैद्य सहभागी हुनुभएको ।

ग) मिति २०७९ माघ २८ गते जिल्ला सहकारी संघ लि. काभ्रेले आयोजना गरेको अध्यक्ष र व्यवस्थापन प्रमुखहरूको जिल्लास्तरिय गोष्ठीमा संस्थाका अध्यक्ष श्री दिनेश राज कायष्ठ, सचिव श्री प्रकाश कायष्ठ र प्रमुख प्रवन्धक श्री सुबास बैद्य सहभागी हुनुभएको ।

## ७.	कर्मचारीहरूको क्षमता अभिबृद्धि सम्बन्धमा

क)	मिति २०७९ मंसिर २३ र २४ गते काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ले आयोजना गरेको बजार प्रतिनिधिहरूको क्षमता अविबृद्धि तालिममा संस्थाका कर्मचारीहरू श्री संगिता प्रधान र श्री विमला मानन्धर सहभागि हुनुभएको ।

ख)	मिति २०७९ मंसिर २० गते देखि मंसिर २४ गते सम्म भारतको पुनेमा Center For International Cooperation and Training In Agriculture Banking का] Vaikuntha Meheta Institute of Cooperative Management नामक भारतिय सरकारी संस्थाले आयोजना गरेको ५ दिने "International Program on Application of Information Technology for Development of Agriculture Cooperatives and Rural Financing Institutions" तालिममा संस्थाका प्रमुख प्रवन्धक श्री सुवास बैद्य सहभागी हुनुभएको ।

ग)	मिति २०७९ पौष २१ देखि २२ गते सम्म काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ले आयोजना गरेको नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) तालिममा संस्थाका प्रमुख प्रवन्धक श्री सुबास बैद्यज्यू सहभागी हुनुभएको ।

घ)	मिति २०७९ माघ १९ गते राष्ट्रिय सहकारी बैंकले आयोजना गरेको एक दिने सम्पत्ति तथा दायित्व व्यवस्थापन तालिममा यस संस्थाका कर्मचारी श्री श्रीकृष्ण सुवाल र श्री गौतम मानन्धर सहभागि हुनु भएको ।

ङ)	मिति २०७९ फागुन २४ र २५ गते नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघले आयोजना गरेको "SACCOS CEOs' National Workshop" मा संस्थाका प्रमुख प्रवन्धक श्री सुबास बैद्यज्यू सहभागी हुनुभएको ।

च)	मिति २०७९ चैत्र १० गते काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ले आयोजना गरेको ऋणको कानुनी प्रकृया तथा नापी नक्सा सम्बन्धी तालिममा संस्थाका कर्मचारीहरू श्री केदार प्रसाद खनाल सहभागि हुनुभएको ।

छ)	मिति २०८० जेठ १३ गते देखि १५ गते सम्म जिल्ला सहकारी संघ, काभ्रेले आयोजना गरेको वित्तिय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिममा यस संस्थाका कर्मचारीहरू श्री चन्द्रलक्ष्मी रंजितकार, श्री मच्छे नारायण श्रेष्ठ र श्री केदार प्रसाद खनाल सहभागि हुनु भएको ।

## ८. संस्थाको निरिक्षण तथा अनुगमन

मिति २०७९ बैशाख २० गते सहकारी विभागबाट सघन अनुगमन गरी संस्थाको वित्तिय, आर्थिक, व्यवस्थापकीय लगायत समग्र विषयमा स्थलगत निरिक्षण गरिएको र मिति २०७९ असोज ३१ गते सहकारी विभागका उपरजिष्ट्रारज्यूको अध्यक्षतामा यस संस्थाका संचालक समिति तथा लेखा सुपरिवेक्षण समिति तथा व्यवस्थापन प्रमुखसँग संस्थाको सवल पक्ष र सुधार गर्नुपर्ने पक्ष सम्बन्धी छलफल भई मासिक रूपमा सुधार प्रतिवेदन संघिय सहकारी विभागमा पठाउने गरेको छ ।

## ९. संस्थाका वस्तु तथा सेवाहरू

९.१ **बचत कार्यक्रम :** संस्थाले प्रत्येक महिना सदस्यहरूबाट कम्तिमा रू १०० नियमित रूपमा बचत संकलन गर्दछ । यस्को अतिरिक्त अन्य ऐच्छिक तथा आवधिक बचतहरू सदस्यहरूले जम्मा गर्न सक्दछन् । सम्पूर्ण बचत खाताहरूमा संस्थाले प्रतिस्पर्धी र आकर्षक व्याजदर प्रदान गर्दछ ।

| क्र.स | बचत खाता प्रकार | क्र.स | बचत खाता प्रकार |
|---|---|---|---|
| १ | आभाष आवधिक बचत | ७ | आभाष बिद्यार्थी बचत |
| २ | आभाष सेभिङ प्लस | ८ | आभाष दैनिक बचत |
| ३ | आभाष नारी बचत | ९ | आभाष सुपर सेभिङ |
| ४ | आभष जेष्ठ नागरिक बचत | १० | आभाष नियमित बचत |
| ५ | आभाष बाल बचत (३ बर्ष ) | ११ | आभाष खुट्किला बचत |
| ६ | आभाष बाल बचत (५ बर्ष ) | १२ | मासिक अनिवार्य बचत |

९.२ **ऋण लगानी सेवा:** संस्थाले सदस्यहरूलाई विभिन्न आय आर्जनका व्यवसायमा लगानी गरी आर्थिक अवस्था सुधार गर्न आय मूलक ऋण प्रदान गर्दै आइरहेको छ ।

| क्र.स | ऋणका प्रकारहरू |
|---|---|
| १ | कृषि तथा पशुपंक्षीपालन ऋण |
| २ | आवास ऋण |
| ३ | औद्योगिक ऋण |
| ४ | शैक्षिक ऋण |
| ५ | सामुहिक ऋण (महिला समुहमा अवद्धलाई मात्र) |
| ६ | हायर पर्चेज ऋण |
| ७ | ब्यवसाय ऋण |
| ८ | स्वास्थ उपचार ऋण |

| | |
|---|---|
| ९ | व्यक्तिगत ऋण |
| १० | सरल ऋण |
| ११ | आवधिक रसिद धितो ऋण |

९.३ **निः शुल्क ए.बि.बि.एस सेवा :** संस्थाले आफ्नो मुख्य कार्यालय, पनौती सेवाकेन्द्र र भकुण्डे सेवाकेन्द्रबाट सदस्यहरूलाई निःशुल्क ए.बि.बि.एस सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

९.४ **मोवाइल कारोवार तथा एस.एम.एस अलर्ट सेवा :** संस्थामा आवद्ध सदस्यहरूलाई प्रदान गर्ने सेवा विस्तारको सन्दर्भमा २०७४ साल देखिनै संस्थाले मोवाइल कारोवार तथा एस.एम.एस अलर्ट सेवा प्रदान गर्दै आइरहेको छ । यो सेवा मार्फत सदस्यहरूलाई मोवाइलबाटै कारोवारको अलर्ट, टपलप तथा रिचार्ज, बत्ति तथा पानीको महसुल, विमा तथा इन्टरनेटको बिल भुक्तानी, हवाइहजारको टिकट खरिद, बैंक ट्रान्फर र संस्थाको सूचना सम्बन्धी सेवा प्रदान गर्दछ ।

९.५ **रेमिटेन्स सेवा :** संस्थाले IME, I-Pay, Western Union Money Transfer, City Remit र Himal Remit लगायतका रेमिटेन्स कम्पनीहरूसँग सहकार्य गरेर सदस्यहरू लगायत सम्पूर्ण रेमिट सेवाग्रहीहरूलाई रेमिटेन्सको सेवा प्रदान गर्दै आइरहेको छ ।

## १०. सुमह कार्यक्रम

आभाष बचत तथा ऋण सहकारी संस्था लि. मा स्वेच्छाले सम्मिलित भएका व्यक्ति र समुहलाई संगठित गरी आर्थिक, सामाजिक तथा समूदायिक कार्यक्रमहरू सुव्यवस्थित तरिकाबाट प्रजातान्त्रिक तवरले संचालन गर्न २०७२ साल असोज १५ गतेको छैठौं वार्षिक साधारण सभाबाट पारित गरिएको कार्यक्रमको आधारमा १० जना देखि बढिमा २५ जना सम्म सदस्य रहने गरि समूह गठन गरी समूह संयोजकको नेतृत्व तथा प्रतिनिधित्वमा कार्यक्रम विस्तार तथा सेवा आदान प्रदान गर्न संस्थाले समुह संचालन निर्देशिका २०७२ लागु गरेको छ ।

**कार्यक्रमको उद्देश्य**

क) सदस्यहरू बीच सामूहिक जिम्मेवारी र संस्थाको उद्देश्य प्राप्तिका लागि उत्तरदायित्वको बोध गराउने ।

ख) एकका लागि सबै र सबैका लागि एकको भावनालाई अंगिकार गरि आपसमा मिलेर सहकार्य गर्ने ।

ग) सदस्यहरू बिच आपसी सहयोग, सहानुभूति एवं सद्भावको अभिबृद्धि गर्ने, समुहका सदस्यहरूको आर्थिक, सामाजिक, नेतृत्व विकासका लागि कार्यक्रम समुह मार्फत संचालन गर्ने ।

घ) जनसमुदायमा सहकारिताको प्रचार प्रसार गरी समुहमा आवद्ध भई संस्था संचालनमा सहमागी गराउने ।

ङ) आर्थिक, सामाजिक र सामुदायिक विकासका कार्यक्रमहरू समूह मार्फत मिलेर संचालन गर्ने ।

**समुह गठन**

समुह संचालन निर्देशिका २०७२ को अधिनमा रहि संस्थामा आवद्ध महिला सदस्यहरूलाई सहकारीको गतिविधिहरूमा सहभागि गराई आर्थिक तथा सामाजिक रूपमा सवल बनाउने उद्देश्यले महिलाहरू सम्मिलित समुह गठन कार्यक्रमलाई प्राथमिकताका साथ अगि बढाइएको छ । यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा कुल ४१ वटा महिला समुह गठन भएकोमा आर्थिक वर्ष २०७९/८० मा ३ वटा महिला समुह थप भएको हुनाले कुल महिला समुह ४४ वटा समुह गठन भई सक्रिय रूपमा संचालित भइरहेको जानकारी गर्दछु ।

## ११. आभाष सदस्य सुरक्षा कार्यक्रम

पाँचौं वार्षिक साधारण सभाबाट अनुमोदन भएको प्रस्तावित कार्यक्रम तथा योजना अन्तर्गत सदस्यहरूको सुविधालाई मध्येनजर गरि यस संस्थाले सदस्यहरूको आर्थिक सहभागितामा आभाष सदस्य सुरक्षा कार्यक्रम लागु गरि सो अन्तर्गत देहाय बमोजिमको सुविधाको व्यवस्था गरेको छ ।

सुविधाहरू :

क) सदस्य सुरक्षा नीतिमा तोकिए बमोजिमको केही घातक रोग लागी सोको उपचार गराउनु परेमा वा उपचारको क्रममा सदस्यको मृत्यु भएमा सोबाट परिवारमा पुग्न जाने क्षतिमा संस्थाको तर्फबाट यस संस्थामा आवद्ध सदस्यहरूको जिवनको सुरक्षा तथा सदस्यमा आश्रित परिवारलाई आर्थिक सहयोग सुविधा पुऱ्याउने उद्देश्यले क्षतिपूर्ति वापत रू २५,०००।- प्रदान गरिनेछ ।

ख) बुँदा नं. "क" मा उल्लेख गरेको वाहेक अन्य कुनै रोग लागि उपचारको क्रममा शल्यक्रिया गर्नु परेमा सदस्यलाई लागेको रोग र सोको उपचार खर्चको आधारमा रू १०,०००।- प्रदान गरिनेछ ।

ग) यदि कुनै सदस्य १० दिन वा सो भन्दा बढि अस्पतामा भर्ना हुनु परेमा रू ५०००।- प्रदान गरिनेछ ।

घ) सुरक्षा कार्यक्रममा सहभागि भएका सदस्यहरूको काल गतिले मृत्यु भएमा रू २०,०००।- प्रदान गरिनेछ र यस कार्यक्रममा आवद्ध नभएका सदस्यहरूको मृत्यु भएमा रू १०,०००।- प्रदान गरिनेछ

**प्रावधानहरू :**

- उक्त कार्यक्रममा सहभागि हुन ७५ वर्ष ननाघेका सदस्यहरूले रू २०००।- रकम संस्थामा बुझाई सदस्यता लिन सक्नु हुनेछ ।
- सुविधा वापत रकम केवल एक पटकको लागि मात्र प्रदान गर्नेछ । दोहोरो सुविधा प्रदान गरिने छैन ।
- एक पटक सुविधा रकम प्रप्त गरिसकेपछि पुनः सदस्य सुरक्षा कार्यक्रममा रू २०००।- रकम बुझाई सदस्यता नविकरण गुर्न पर्नेछ । तर बुँदा नं. ग र घ को सुविधा प्राप्त गरे पश्चात नविकरण गर्नु पर्नेछैन ।
- कुनै एक प्रकारको रोगको लागि गरिएको शल्यक्रियाको एक पटकमात्र क्षती पूर्ति दिइनेछ । नविकरण पश्चात पुनः सोही रोगको शल्यक्रिया गर्नु परेमा क्षति पूर्ति प्रदान गरिने छैन ।

**प्रगति विवरण :**

- आर्थिक वर्ष २०७८÷७९ मा ३१६३ जना सदस्यहरू सुरक्षा कार्यक्रममा सहभागि हुनु भएकोमा आर्थिक वर्ष २०७९/८० मा ३२७ जना सदस्यहरू सहभागी भई सुरक्षा कार्यक्रममा कुल सदस्य ३४९० जना सहभागि हुनु भएको र सुरक्षा कार्यक्रममा २०८० असार मसान्त सम्ममा कुल रू ६६,५८,४४५।०० (अक्षरूपी छैस¶ी लाख अन्ठाउन्न हजार चार सय पैंतालीस रूपैयाँ मात्र) संकलन भएको जनकारी गराउन चहान्छु ।
- सदस्यहरूको हितलाई थप मध्यनजर गरि सदस्यहरूको सुझाव बमोजिम यस कार्यक्रममा सुविधाहरू थप गर्ने योजना रकेको व्यहोरा पनि यस सम्मानित सभामा जानकारी गराउन चहान्छु ।

भावि दिनहरूमा उक्त कार्यक्रममा सदस्यहरूको उत्साहजनक सहभागिता हुनेछ भन्ने आशा गर्दै सुविधाहरू पनि थप हुँदै जाने विश्वास दिलाउन चाहन्छु । सम्पूर्ण सदस्य महानुभावहरूलाई कार्यक्रममा अनिवार्य सहभागि गराउने लक्ष्यका साथ लागु गरिएको कार्यक्रममा आफ्नो सहभागिता जनाई दिनुहुन विनम्र अनुरोध गर्दै कार्यक्रमको सदस्यता तथा सुविधाका लागि नियमहरू तर्जुमा भएको हुनाले सदस्यहरूले सदस्यता दर्ता गर्दा संस्थाले लागु गरेका नियम तथा प्रावधानहरू अक्षरस बुझेर सदस्यता दर्ता गरिदिनु हुन पनि अनुरोध गर्दछु ।

**सुरक्षा कोष अन्तर्गत सुविधा रकम वितरण गरिएको विवरण:**

सुरक्षाकोषमा आबद्ध भएको सदस्यहरू मध्ये १२ जना सदस्यको कालगतीले मृत्युभएको कारण कुल रू २१५,०००/-, ५ जना सदस्यलाई घातक रोग भएको कारण प्रति सदस्य रू २५,०००/-का दरले कुल रू १२५,०००/- र विभिन्न रोग लागि उपचार गर्ने क्रममा शल्यक्रिया गरेको कारण ५७ जना सदस्यलाई रू १०,०००/- का दरले ५,७०,०००/-, अस्पता भर्नाको सुविधा अन्तर्गतको २ जना सदस्यलाई रू ५०००÷– का दरले कुल रू १०,०००÷– तथा सुत्केरी भेटधाट कार्यक्रम अन्तर्गत ३७ जना महिला सदस्यहरूलाई रू १०००÷– का दरले कुल रू ३७,०००÷– गरि सुरक्षा कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/८० मा ११३ जना सदस्यहरूलाई कुल सुविधा रकम रू ९,५७,०००/- (अक्षरूपी नौ लाख सन्ताउन्न हजार रूपैयाँ मात्र) प्रदान गरिएको जानकारी गर्दछु ।

**१२. छोरी अभियान कार्यक्रम :**

सहकारीको सात सिद्धान्त मध्ये एक हो "समुदाय प्रति चासो" यसै सिद्धान्तलाई आत्मसाथ गर्दै संयुक्त राष्ट्र संघले लिएको दिगो विकास लक्ष्यलाई आधार मानी ६० औं राष्ट्रिय सहकारी दिवसको "दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी" भन्ने नारालाई सार्थक बनाउने उद्देश्यले दिगो विकासको दुई लक्ष्य "स्वास्थ र समुन्नत समाज" र "लैंगिक समानता" हासिल गर्नको निमित्त आभाष साकोसको प्रयास हो छोरी अभियान ।

**छोरी अभियान किन ?**

- प्रजनन् स्वास्थको शिक्षा तथा जनचेतनाको कमीका कारण धेरै आमा तथा शिशुहरूले ज्यान गुमाइरहेका छन् । तसर्थ मातृ मृत्युदर तथा

शिशु मृत्युदर कम गर्न मानिसहरूमा प्रसव अस्पतालमा गराउनु पर्छ भन्ने भावनालाई जागृत गर्नु ।

- शिशुहरूमा यदि छोरी भएमा भ्रुणहत्या गर्ने प्रबृत्तिलाई निरूत्साहित गर्न ।
- हाम्रो समाजमा छोरीलाई हेलाको दृष्टिकोणले हेरिन्छ सो दृष्टिकोणलाई परिवर्तन गर्न ।
- छोरा आम्दानी हो र छोरी खर्च मात्र हो भन्ने सोच परिवर्तन गर्न ।
- छोरा वरदान र छोरी अभिसाप हो भन्ने मानसिकता परिवर्तन गर्न ।
- छोरा र छोरी दुवै बरदान हो र दुवै समान हो भन्ने भावना जागृत गर्न ।

**<u>छोरी अभियान अन्तरगत कार्यक्रम</u>**

छोराले मात्र कमाउन सक्छ र छोरीले कमाउन सक्दैन भन्ने भ्रमको निवारण गरि छोरीले जन्मने वित्तिकै पनि कमाउन सक्छ भन्ने विश्वास दिलाउनको लागि शिर मेमोरियल अस्पतालमा प्रत्येक नववर्षमा जन्मने पहिलो एकजना छोरी र प्रत्येक वर्ष मंसिर १४ गते आभाष साकोसको वार्षिक उत्सवको दिन जन्मने पहिलो एकजना छोरीलाई यस संस्थाको तर्फबाट रू १०,०००/- (अक्षरूपी दश हजार रूपैयाँ मात्र) प्रोत्साहन स्वरूप रकम प्रदान गरिनेछ ।

**<u>छोरी अभियान अन्तर्गत रकम वितरण गरिएको विवरणः</u>**

१) २०७९ मंसिर १४ गते शिर मेमोरियल अस्पतालमा साँगाचोक ११, सिन्धुपाल्चोक स्थायी ठेगाना भएको दम्पत्ति श्री धनी माझी र नेत्र विक्रम माझीको छोरीलाई रू १०,०००/- प्रदान गरियो ।

२) २०८० बैशाख १ गते शिर मेमोरियल अस्पतालमा पनौती ६, काभ्रे स्थायी ठेगाना भएको दम्पत्ति श्री तारा भुर्तेल र जयराम साप्कोटाको छोरीलाई रू १०,०००/- प्रदान गरियो ।

## १३. जोखिम व्यवस्थापन

संस्थामा रहेको सम्पत्तिहरूको नगद परिचालन नीति २०७० तथा अन्य प्रावधान बमोजिम संस्थामा दैनिक कारोवार गर्नको निमित्त संस्थाको कार्यालय परिसर भित्र रहने नगदको जोखिम व्यवस्थापन गर्न काउन्टर र भल्टको मुख्य कार्यालयको लागि रू ३०,००,०००।–, पनौती सेवाकेन्द्रको

लागि रू ५,००,०००।- र भकुण्डे सेवाकेन्द्रको लागि रू ५,००,०००।- को गरिएको ।

**१४. एकिकृत व्यवस्थापन सूचना प्रणली (COPOMIS) मा आवद्धता र कार्यान्वयनको अवस्था**

- सहकारी नियमावली २०७५ को नियम ७२(२) बमोजिम एकिकृत व्यवस्थापन सूचना प्रणली (COPOMIS) मा संस्था अवद्ध भईसकेको ।
- उक्त प्रणालीमा वार्षिक रूपमा अद्यावधिक गर्नुपर्ने समष्टिगत विवरण प्रविष्टि गरिएको छ ।
- उक्त प्रणालीमा संस्थामा आवद्ध शेयर सदस्यहरूको विवरण अद्यावधिक गर्नुपर्ने सम्बन्धमा हाल सम्म संस्थाको कुल सदस्य संख्याको ६० प्रतिशत भन्दा बढि सदस्यहरूको विवरण अद्यावधिक भइसकेको छ र बाँकी रहेको सदस्यहरूको यस आर्थिक वर्ष भित्र विवरण अद्यावधिक सम्पन्न गरिनेछ ।
- संस्थाले मासिक रूपमा आर्थिक विवरणहरू यस प्रणालीमा अद्यावधिक गर्दै आइरहेको छ ।

**१५. आभाष साकोसमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ मा तोकिएका कार्यहरूको कार्यान्वयन अवस्था**

**सदस्य पहिचान सम्बन्धी व्यवस्था (KYM Update)**

- नयाँ सदस्यको हकमा सदस्य पहिचान फारम भरी सदस्यको विवरण सिस्टममा नियमित रूपमा अद्यावधिक गर्ने गरीएको
- सदस्यको विवरण अद्यावधिक गर्ने सन्दर्भमा आ.व. २०७९÷८० सम्म कुल सदस्य संख्या ६२६५ रहेकोमा ३९६९ जना सदस्यको सदस्य पहिचान फारम अद्यावधि गरि सिस्टममा पनि अद्यावधिक गरिसकेको र बाकी २२९६ जना सदस्यहरूको यस आर्थिक वर्ष भित्र पूर्ण रूपमा अद्यावधिक गर्ने कार्य भइरहेको । हाल सम्मको कुल सदस्य संख्यको ६३ प्रतिशत सदस्यहरूको सदस्य विवरण अद्यावधिक भएको छ ।

**<u>जोखिमका आधारमा सदस्य वर्गीकरण</u>**

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ बमोजिम हाल सम्म संस्थामा अवद्ध सदस्यहरुको देहाय बमोजिम वर्गीकरण भएको जनाकारी गर्दछु ।

- उच्च जोखिममा परेको सदस्य संख्या ४ जना
- मध्ययम जोखिममा परेको सदस्य संख्या २०५ जना
- न्यून जोखिममा परेको सदस्य संख्या ६०५६ जना

**<u>सीमा कारोबारको प्रतिवेदन :</u>** सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) सम्बन्धी प्रतिवेदन त्यस्तो कारोबार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईले तोके बमोजिमको ढाँचामा वित्तीय जानकारी इकाईमा प्रदान गरिँदै आएको छ ।

**<u>सीमा कारोबारको स्रोत खुलासा लिनुपर्ने :</u>** रू.१० लाख र सो भन्दा बढी रकम कारोवारको हकमा अनिवार्य स्रोतको विवरण खुलाउने व्यवस्था गरिएको छ र उक्त विवरण सिस्टममा पनि अद्यावधिक गर्ने गरिएको छ ।

**<u>उच्च पदस्थ पदाधिकारी सदस्य संख्या :</u>** कार्यविधिले तोके बमोजिमका उच्च पदस्थ पदाधिकारी नरहेको ।

**<u>वित्तीय जानकारी इकाईको निर्देशन पालना :</u>** संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा कारोबार तथा शङ्कास्पद कारोबार सम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गरिरहेको छ ।

**<u>प्रतिवेदन पठाउने सम्बन्धमा:</u>** यस आर्थिक वर्ष देखि संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिम सम्पादन गरेका कार्यहरूको चौमासिक प्रतिवेदन अनुसूची-६ को ढाँचामा उक्त अवधि व्यतित भएको ७ दिनभित्र कार्यालयमा पठाउने व्यवस्था गरेको ।

**१६. सम्पन्न भएका कार्यक्रम तथा योजनाहरू**

क) मिति २०७९ भाद्र १५ गते देखि संस्थामा आवद्ध बालबचतकर्ताहरूलाई शैक्षिक सामाग्रि वितरण गरिएको ।

ख) मिति २०७९ कार्तिक १८ गते देखि २१ गते सम्म संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य सम्पूर्ण उपसमितिका पदाधिकारी तथा सदस्यहरूको लागि सहकारी अध्ययन अवलोकन भ्रमण तथा एक दिने तालिम कार्यक्रम आयोजना गरिएको ।

**<u>अध्ययन अवलोकन भ्रमण विवरण</u>**

- मिति २०७९ कार्तिक १८ गते चन्द्रागिरि न.पा स्थीत चन्द्रगिरि बचत तथा ऋण सहकारी संस्था लि. को अध्ययन अवलोकन गरिएको ।
- मिति २०७९ कार्तिक १९ गते सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई एक दिने सहकारी व्यवस्थापन तथा समिति उपसमितिको भुमिका सम्बन्धी तालिम कार्यक्रमको आयोजना गरिएको ।
- मिति २०७९ कार्तिक २० गते पोखरा स्थीत पोखरा रोयल सहकारी लि. को अध्ययन अवलोकन गरिएको ।

ग) मिति २०७९ मंसिर १४ गते यस आभाष बचत तथा ऋण सहकारी संस्था लि. को तेह्रौं वार्षिक उत्सवको उपलक्ष्उमा रक्तदान कार्यक्रमको आयोजना गरियो ।

घ) मिति २०७९ माघ ४ गते रेयुकाई एइको मासुनागा आँखा अस्पतालको प्राविधिक सहयोगमा बनेपा न.पा. ७ स्थित सरस्वती आधारभूत विद्यालयमा आँखा शिविर संचालन गरिएको ।

ङ) मिति २०७९ माघ २८ गते रेयुकाई एइको मासुनागा आँखा अस्पतालको प्राविधिक सहयोगमा पनौती न.पा. २ स्थित वडा कार्यालय भवनमा आँखा शिविर संचालन गरिएको ।

च) मिति २०७९ फागुन ४ गते रेयुकाई एइको मासुनागा आँखा अस्पतालको प्राविधिक सहयोगमा पनौती न.पा. ७ स्थित रेडक्रस भवनमा आँखा शिविर संचालन गरिएको ।

छ) मिति २०७९ चैत्र १८ गते पतञ्जली योग समिति काभ्रे सँगको सहकार्यमा भकुण्डे स्थित जनक उच्च मा.वि. मा एक दिने योग शिविर संचालन गरिएको ।

ज) मिति २०७९ चैत्र २५ गते देखि २९ पतञ्जली योग समिति काभ्रे सँगको सहकार्यमा बनेपा स्थित लायकु मञ्चमा पाँच दिने योग शिविर संचालन गरिएको ।

झ) मिति २०८० बैशाख ११ गते रेयुकाई एइको मासुनागा आँखा अस्पतालको प्राविधिक सहयोगमा नमोबुद्ध न.पा. ७ स्थित कुटुम्ब रिसोर्टमा आँखा शिविर संचालन गरिएको ।

ञ) मिति २०८० बैशाख ९ गते शनिवारको दिन बनेपा स्थित चण्डेश्री मन्दिर प्राङ्गणमा यस संस्थामा आवद्ध जेष्ठ सदस्यहरूलाई सम्मान कार्यक्रमको आयोजना गरिएको थियो ।

ट) मिति २०८० जेष्ठ २७ गते शनिवार नेपाल परिवार नियोजन संघ काभ्रे शाखाको सभाहलमा यस संस्थामा नानीबाबु खाता संचालन गरेका बाल बचतकर्ताहरूलाई खुत्रुके वितरण कार्यक्रम आयोजना गरिएको ।

**१७. अनुमोदनका लागि सभा समक्ष प्रस्तावित छलफलका विषयहरू :**

१) आ.व. २०७९/८० को सचिवको प्रगति प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

२) आ.व. २०७९/८० को कोषाध्यक्षको आर्थिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

३) आ.व. २०७९/८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

४) आ.व. २०७९/८० को लेखा परिक्षक प्रतिवेदन, लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

५) आ.व. २०८०/८१ को प्रस्तावित वार्षिक कार्ययोजना र वार्षिक बजेट उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

६) आ.व. २०८०/८१ को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

७) आ.व २०७९/८० को शेयर लाभांश वितरण प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

८) आ.व २०७९/८० को संरक्षित पुँजी फिर्ता कोषको रकम व्यवस्थापन सम्बन्धमा ।

९) आभाष सदस्य सुरक्षा नीति २०७९ प्रथम संशोधन प्रस्ताव उपर छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

१०) साधारण सभा संचालन कार्यविधि २०८० प्रस्ताव उपर छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

११) कोष व्यवस्थापन नीति २०८० प्रस्ताव उपर छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

१२) सञ्चालक समितिको सेवा सुविधा तथा प्रमुख प्रवन्धकको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

१३) संचालक समितिको बैठकका महत्वपूर्ण निर्णयहरूका सम्बन्धमा ।

१४) साधारण सभाको निर्णय पुस्तीकामा हस्ताक्षर गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

१५) विविध ।

**१६. स्वीकृत गर्नुपर्ने नीति तथा कार्यविधिहरू**

संस्थामा रहेका नीति तथा कार्यविधिहरूलाई समय सापेक्ष अद्यावधिक तथा परिमार्जन गर्नुपर्ने भएकोले देहाय बमोजिम नीतिनियमावलीहरूको संशोधन प्रस्ताव स्वीकृतीको लागि पेश गरिएको छ ।

१) आभाष सदस्य सुरक्षा नीति २०७९ प्रथम संशोधन २०८०
२) साधारण सभा संचालन कार्यविधि २०८०
३) कोष व्यवस्थापन नीति २०८०

## आगामी वर्षको प्रस्तावित कार्यक्रम तथा लक्षित योजना

**सदस्य लक्षित कार्यक्रमहरू :**

१. संस्थाको कार्यक्षेत्र काभ्रे जिल्ला भर रहेको हुनाले संस्थाको स्रोत साधनको क्षमता बमोजिम कारोवार विस्तार गर्नको लागि यस आर्थिक वर्षमा संस्थाको कार्यक्षेत्र भित्रको अन्य क्षेत्रहरूमा पनि संस्थाको कारोवार विस्तार गर्न योजना तर्जुमा गर्ने ।
२. संस्थामा रहेका सदस्यहरूलाई लक्षित गरि बनेपा, पनौती र भकुण्डे क्षेत्रमा समुहगत रूपमा सहकारी शिक्षा सिविर संचालन गर्ने ।
३. महिला समुह कार्यक्रमलाई सक्रिय रूपमा अगाडी बढाई यस आर्थिक वर्षमा थप महिला समुह गठन गर्ने ।
४. संस्थामा आवद्ध ७० वर्ष वा सो भन्दा बढि उमेरका जेष्ठ सदस्यहरूलाई सम्मान तथा भोजन कार्यक्रम आयोजना गर्ने ।
५. भाद्र २९ गते राष्ट्रिय बाल दिवसको अवसरमा यस संस्थामा आवद्ध बाल बचतकर्ताहरूलाई शैक्षिक सामाग्री वितरण कार्यक्रम आयोजना गर्ने ।
६. सदस्यहरूको बालबच्चाहरूबाट S.E.E. परिक्षामा उत्कृष्ट छात्रछात्रालाई साधारण सभामा सम्मान गर्ने ।
७. उत्कष्ट कारोवार गर्ने सदस्यहरूलाई साधारण सभामा सम्मान गर्ने ।
८. संस्थामा आवद्ध भएका नयाँ सदस्यहरूलाई प्रत्येक महिना सदस्य शिक्षा शिविर आयोजना गर्ने ।
९. प्रत्येक महिना पहिलो बचत गर्ने सदस्यलाई सम्मान गर्ने ।
१०. प्रत्येक महिना पहिलो बचत गर्न संस्थामा उपस्थित भएका सदस्यलाई दिप प्रज्योलन गरि दिनको कारोवारको सुरूवात गर्न लगाई सम्मान गर्ने ।

**सदस्य लक्षित तालिमहरू :**

१. सदस्यहरूलाई बचतको आवश्यक्ता महसुस गराउनेका निमित्त वित्तिय साक्षरता सम्बन्धि तालिम आयोजना गर्ने ।
२. कृषि तथा पशुपंक्षि पालन ऋण प्रावह गर्नको निमित्त कृषि तथा पशुपालन सम्बन्धि तालिम आयोजना गर्ने, वर्षमा बढिमा २ पटक ।

३. महिला सदस्यहरूलाई लक्षित गरि Life Skill सम्बन्धि तालिम आयोजना गर्ने वर्षमा वढिमा २ पटक ।
४. महिला सदस्यहरूलाई लक्षित गरि Cooking तालिमको आयोजना गर्ने वर्षमा बढिमा १ पटक ।
५. महिला सदस्यहरूको क्षमता अविबृद्धि गर्नको निमित्त एडभान्स सिलाई तालिमको आयोजना गर्ने ।
६. महिलाहरूलाई व्यवसाय गर्न अभिप्रेरित गर्नको निमित्त एडभान्स मखमलको जुत्ता बनाउने तालिमको आयोजना गर्ने ।
७. क्रिस्टलको चुरा र पोते बनाउने तालिमको आयोजना गर्न पहल गर्ने ।
८. आय तथा शिपमुलक अन्य तालिमहरू आयेजना गर्ने ।

**<u>सामाजिक कार्यक्रमहरू :</u>**

१. छोरी अभियानलाई निरन्तरता दिने ।
२. २०८० असोज १२ (सेप्टेम्बर २९ तारिख) को दिन विश्व मुटु दिवसको अवसरमा मुटु सम्बन्धी जनचेतना मुलक कार्यक्रम आयोजना गर्ने ।
३. २०८० कार्तिक २४ (नोभेमवर १० तारिख) को दिन विश्व मधुमेह दिवसको सन्दर्भमा एक दिन मधुमेह सम्बन्धि जनचेतना मुलक तथा मधुमेह परिक्षण शिविरको आयोजना गर्ने ।
४. संस्थाको १४ औं वार्षिक उत्सवको उपलक्ष्यमा रक्तदान कार्यक्रम तथा आँखा सिविरको आयोजना गर्ने ।
५. २०८० माघ २१ (फेब्रुवरी ४ तारिख) को दिन विश्व क्यान्सर दिवसको अवसरमा महिलाहरूको लागि एक दिने पाठेघरको मुखको क्यान्सरको परिक्षण तथा एक दिने स्तन क्यान्सरको परिक्षण शिविरको आयोजना गर्ने ।
६. ग्रामिन भेगलाई लक्षित गरि आँखा सिविरको आयोजना गर्ने वर्षमा ३ पटक ।
७. २०८१ जेठ १५ (मे २८ तरिख) को दिन विश्व महिला स्वास्थ्य दिवसको अवसरमा महिलाहरूको लागि प्रजनन् स्वास्थ सम्बन्धि चेतानमुलक कार्यक्रमको आयोजना गर्ने ।
८. २०८१ जेठ २३ (जुन ५ तारिख) को दिन विश्व वातावरण दिवसको अवसरमा बृक्षारोपन कार्यक्रमको आयोजना गर्ने ।
९. अन्य संघ संस्थाहरू संग मिलेर विभिन्न सामाजिक कार्यक्रमहरूमा सहभागिता जनाउने ।

**<u>संचालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य उपसमिति तथा कर्मचारी लक्षित कार्यक्रम तथा तालिमहरू :</u>**

१. कर्मचारीहरूको मनोबल बृद्धि गर्नको निमित्त Stress Management तालिमको आयोजना गर्ने ।

२. यस संस्था र अन्य सहकारी संस्थाको कर्मचारीहरू बिच भेटघाट तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।

३. अन्य संघ संस्थाबाट आयोजना गर्ने कर्मचारीहरूको विभागिय जिम्मेवारी सँग सम्बन्धित तालिम तथा गोष्ठिमा सहभागि गराउने ।

४. अन्य संघ संस्थाबाट आयोजना गर्ने संचालक तथा अन्य समिति, उपसमितिहरू लक्षित तालिम तथा गोष्ठिमा सहभागि गराउने ।

५. कर्मचारीहरको कार्यसम्पादन मुल्यांकन तथा लक्ष्य प्रप्तीका आधारमा अर्थिक सुविधामा बृद्धिका साथसाथै प्रोत्साहन स्वरूप बढुवा गर्ने ।

६. महिला समुहलाई सक्रिय बनाउन महिला उपसमिति, महिला समुहका पदाधिकारि तथा समुह परिचालन गर्ने कर्मचारिहरूको लागि समुह परिचालन तालिमको आयोजना गर्ने, वर्षमा बढिमा दुई पटक ।

७. समिति उपसमितिहरूको अध्ययन अवलोकन भ्रमण कार्यक्रम आयोजना गर्ने ।

**<u>संस्था लक्षित कार्यक्रमहरू</u>**

१. संस्थालाई सधै सफा राख्ने तथा वातावरण मैत्री बनाउने ।

२. संस्थालाई आवश्यक पर्ने नीति नियमहरूको तर्जुमा तथा संशोधनको लागि समिति, उपसमिति तथा व्यवस्थापकिय प्रमुखहरूको लागि गोष्ठि तथा अन्तरक्रियाको व्यवस्था मिलाउने ।

३. संस्थामा रंगरोगन तथा मर्मतको कार्य गर्ने ।

४. संस्थालाई आवश्यक पर्ने अन्य स्थीर सम्पत्तिहरूको खरिद गर्ने ।

५. संस्थामा रहेको मुल्यवान भौतिक सम्पत्तिहरूको सुरक्षणको लागि उक्त सम्पत्तिको विमा गर्ने ।

अन्तमा यस संस्थाको चौधौं वार्षिक साधारण सभामा सफलता पूर्वक संचालन गर्न सहयोग गर्नुभएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दै यहाँहरूको अमुल्य सुझाव तथा सल्लाह पाउने अपेक्षा गर्दै संस्थाको प्रगति प्रतिवेदन यहि अन्त गर्न चाहन्छु । धन्यवाद ।

जय आभाष, जय सहकारी !

# आर्थिक प्रतिवेदन

धर्मभक्त प्रधान - **कोषाध्यक्ष**

यस संस्थाको २०७९ श्रावण देखि २०८० असार सम्मको आर्थिक प्रतिवेदन यस प्रकार रहेको छ ।

## १) कुल कारोवार

संस्थाले आर्थिक वर्ष २०७८/७९ मा कुल कारोवार रू ७१,६४,१२,७३२।६६ (अक्षरूपी एकहत्तर करोड चौंसट्ठी लाख बाह्र हजार सात सय बत्तीस रूपैयाँ छैसट्ठी पैसा) रहेकोमा आर्थिक वर्ष २०७९/८० मा कुल कारोवारमा रू ४,७०,८५,४०६।६१ (अक्षरूपी चार करोड सत्तरी लाख पचासी हजार चार सय छ रूपैयाँ एकसट्ठी पैसा मात्र) ले बृद्धि भई कुल कारोवार रू ७६,३४,९८,१३९।२७ (अक्षरूपी छहत्तर करोड चौंतीस लाख अन्ठानब्बे हजार एक सय उनान्चालिस रूपैयाँ सत्ताइस पैसा मात्र) हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम कुल सम्पत्तिमा बृद्धि मुद्रास्फिफिटि भन्दा बढि हुनुपर्नेमा मुद्रास्फिफिटि ७.७७% को हाराहारीमा रहेको र कुल सम्पत्तिमा ६.५७% ले बृद्धि भएको छ ।

## २) शेयर पूँजी

आ. व. २०७८/७९ सम्ममा संस्थाको शेयर पूँजी रू ३,७०,९८,८००।- (अक्षरूपी तीन करोड सत्तरी लाख अन्ठानब्बे हजार आठ सय रूपैयाँ) रहेकोमा आ. व. २०७९/८० मा रू १०,२२,४००/- (अक्षरूपी दश लाख बाइस हजार चार सय रूपैयाँ मात्र) ले बृद्धि भई शेयर पूँजी रू ३,८१,२१,२००।- (अक्षरूपी तीन करोड एकासी लाख एक्काइस हजार दुई सय रूपैयाँ मात्र) हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम शेयर पुँजी कुल सम्पत्तिको १०% देखि २०% हुनु पर्नेमा संस्थाको शेयर पुँजी ४.९९% रहेको छ ।

## ३) बचत संकलन

आ. व. २०७८/७९ सम्ममा यस संस्थाले विभिन्न शिर्षकहरू अन्तर्गत कुल रू. ५८,०५,३६,१३२।४१ (अक्षरूपी अन्ठाउन्न करोड पाँच लाख छत्तीस हजार एक सय बत्तीस रूपैंया एकचालिस पैसा मात्र) बचत संकलन गरेकोमा आ. व. २०७९/८० मा विभिन्न बचत शिर्षक अन्तर्गत रू. २,६७,३३,३०५/९४ (अक्षरूपी दुई करोड सत्सट्ठी लाख तेत्तीस हजार तीन सय पाँच रूपैंया चौरानब्बे पैसा मात्र) ले बचत संकलन बृद्धि भई आ. व. २०७९/८० को अन्त सम्ममा कुल रू. ६०,७२,६९,४३८।३५ (अक्षरूपी साट्ठी करोड बहत्तर लाख उनान्सत्तरी

हजार चार सय अठ्तीस रूपैँया पैंतीस पैसा मात्र) बचत जम्मा हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम निक्षेप रकम कुल सम्पत्तिको ७०% देखि ८०% हुनु पर्नेमा संस्थामा निक्षेप रकम ७९.५४% रहेको छ ।

## ४) ऋण लगानी

आ. व. २०७८/७९ सम्ममा यस संस्थाले विभिन्न शिर्षकहरू अन्तर्गत कुल रू ५६,६९,२४,३५०।४५ (अक्षरूपी छपन्न करोड उनानसाट्ठी लाख चौबीस हजार तीन सय पचास रूपैँया पैंतालीस पैसा मात्र) ऋण लगानी गरेकोमा आ. व. २०७९/८० मा विभिन्न ऋण शिर्षकहरू अन्तर्गत थप रू. २,५९,७७,२९३/- ( अक्षरूपी दुई करोड उनान्साट्ठी लाख सतहत्तर हजार दुई सय त्रियानब्बे रूपैँया मात्र) ऋण लगानी गरी आ. व. २०७९/८० सम्ममा कुल रू ५९,२९,०१,६४३।४५ (अक्षरूपी उनान्साट्ठी करोड उनानतीस लाख एक हजार छ सय त्रिचालिस रूपैँया पैंतालीस पैसा मात्र) ऋण लगानीमा रहेको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम ऋण लगानी रकम कुल सम्पत्तिको ७०% देखि ८०% हुनु पर्नेमा संस्थाको ऋण लगानी रकम ७३.९८% रहेको छ ।

